आज मिति २०७४।०४।०८ गते आइतवारका दिन यस लालीगुराँस नगरकार्यपालिकाको अध्यक्ष श्री अर्जुन मावोहाङ ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा वैठक बसी देहायको प्रस्ताव उपर देहाएको निर्णय गरियो ।

उपस्थिति

अध्यक्ष श्री अर्जुन मावोहाङ.

उप–प्रमुख श्री तीला पोखरेल

सदस्य श्री रामबहादुर गुरुङ

सदस्य श्री रुद्र बहादुर लिम्बु

सदस्य श्री कमल बहादुर बाँनिया

सदस्य श्री प्रेम बहादुर गौतम

सदस्य श्री नागेन्द्र कार्की

सदस्य श्री तिलोचन लिम्बु

सदस्य श्री देवेन्द्र खड्का

सदस्य श्री तुलसीराम खनाल

सदस्य श्री अमर बहादुर गुरुङ

महिला सदस्य श्री महिला सदस्य श्री कालिका शेर्पा

महिला सदस्य श्री मन्जु काफ्ले

महिला सदस्य श्री कुमारी नेपाली

महिला सदस्य श्री भुमिका ~~नेपाली~~ पराईली

दलित वा अल्पसंख्यक सदस्य

दलित वा अल्पसंख्यक सदस्य कासाङ आङजुक शेर्पा

दलित वा अल्पसंख्यक सदस्य श्री लाल बहादुर नेपाली

कार्यकारी अधिकृत श्री टिकबहादुर कार्की सदस्य सचिव

कर्मचारी श्री पदम ब. पुर्जेल

प्रस्ताव नं. १ :

**देहाएका नियमावली उपर छलफल गरी स्वीकृत गर्ने सम्वन्धमा –**

**क) नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली , २०७४**

**ख) नगरकार्यपालिका (कार्यविभाजन), २०७४**

निर्णय नं. १ :

**उल्लेखित दुवै नियमावली सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।**

प्रस्ताव नं. २ :

देहायका प्रस्तावित कार्यविधिहरु उपर छलफल गरी स्वीकृत गर्ने सम्वन्धमा

क) नगरसभा संचालन कार्यविधि, २०७४

ख) नगरकार्यपालिकाको बैंठक संचालन सम्वन्धी कार्यविधि, २०७४

निर्णय नं. २ :

माथि प्रस्तावित कार्यविधिहरु उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३

कार्यपालिकाको प्रवक्ता तोक्ने सम्वन्धमा

निर्णय नं. ३ :

**प्रस्ताव नं. ३ उपर छलफल हुँदा यस नगरकार्यपालिकाका सदस्य वडा नं.७ का वडा अध्यक्ष श्री देवेन्द्र खड्कालाई तोक्ने सर्वसम्मत निर्णय गरियो ।**

प्रस्ताव नं. ४ :

नगरपालिकाको नियमित बैंठक सम्वन्धमा ।

निर्णय नं. ४

**नगरकार्यपालिकाको नियमित बैठक हरेक महिनाको ५ गते ११:०० वजे र सो दिन सार्वजनिक विदाको दिन पर्न गएमा त्यसको भोलिपल्ट बस्ने सर्वसम्मत बाट निर्णय गरियो ।**

**प्रस्ताव नं. ५**

फोहोर मैलाको अस्थायी व्यवस्थापन गर्ने सम्वन्धमा ।

**निर्णय नं. ५**

दिर्घकालीन ल्याण्डफिल साइटको प्रवन्ध नभएसम्मको लागि अस्थायी ल्याण्ड फिल साइटको खोज गरी उपयुक्त ठाउँको नाम प्रस्ताव गर्न कार्यपालिकाका सदस्य श्री कमल बहादुर बानियाको संयोजकत्यमा श्री देवेन्द्र खड्का, प्रेम बहादुर गौतम, पोष्ट राय र लाल बहादुर लिम्बु रहेको ५ सदस्यीय कार्य समूह बनाई उक्त समितिलाई प्रतिवेदन पेश गर्न आजका मितिले १५ दिनको समय दिने निर्णय सर्वसम्मतबाट गरियो ।

**प्रस्ताव नं. ६**

**सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धमा ।**

**निर्णय नं. ६**

बैकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्य आ.व.०७३।७४ को भत्ता सम्बन्धित वडा अध्यक्षको सिफारिसमा निजको संरक्षकलाई दिने र चालु आ.व.०७४।७५ को सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडा अध्यक्ष तथा न.पा.को कर्मचारीले सम्बन्धित लाभग्राहीको घर घरमा पुऱ्याई वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय न.७**

**लोकमार्ग, केन्द्र वा सडक जोड्ने मार्ग, जिल्ला वा क्षेत्र जोड्ने मार्ग, लोकमार्ग सकड विभागको क्षेत्राधिकार भित्र पर्ने भएतापनि यस वसन्तपुर चित्रे सडक खण्ड विग्रिएर ठूला ठूला खाल्डा र भ्वाड. परी सार्वजनिक यातायात अवरुद्ध भएकोले सार्वजनिक यातायात खुलाउन सर्वसाधारणबाट समेत माग आएको कारण उक्त बाटो सडक विभागको क्षेत्राधिकार भित्र पर्ने भएता पनि सडक विभागले तत्काल कुनै कदम नचालेको हुँदा अवरुद्ध बाटो मिति २०७४।४।२१ गते डोजरको प्रयोग गरी बाटो खुलाईएको र विल अनुसार रु. ४५ हजार मात्रको रकम भुक्तानी दिन सर्वसम्मत निर्णय गरियो ।**

**प्रस्ताव नं. ८**

करारमा कार्यरत जनशक्तिको करार अवधि थप गर्ने सम्वन्धमा ।

**निर्णय न.८**

नगरकार्यपालिकामा कार्यरत कर्मचारीहरुको करार अवधि यही २०७४ साल असार मसान्तबाट समाप्त भएको र यस कार्यपालिकामा जनशक्ति कमी रहेकोले निजहरुको करार अवधि २०७४ साल साउन १ गते देखि २०७४ साल पौष मसान्त सम्म ६ महिनाको लागि करारको म्याद थप गर्ने निर्णय गरयो ।

**प्रस्ताव नं. ९**

नगरकार्यपालिकाको जीप, व्लाक हो लोडर र वारुण यन्त्र संचालन सम्वन्धमा ।

**निर्णय नं. ९**

नगरकार्यपालिकाको भौतिक पूर्वाधारको संरचना खडा गर्न दमकल, व्लाक हो लोडर, जीप अति आवश्यक भएको तर यस कार्यपालिकामा उक्त साधनहरु हुँदाहुँदै चालक नभएको कारण ती साधनहरुलाई संचालनमा ल्याउन नसकिएकोले चालकहरुको प्रवन्ध गरी ती साधनहरुलाई यथाशिघ्र प्रयोगमा ल्याउने निर्णय गरियो ।

**प्रस्ताव नं १०**

देहायका समिति गठन गर्ने सम्वन्धमा

(क) राजस्व परामर्श समिति

(ख श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

(ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति

**निर्णय नं.१०**

प्रस्ताव नं. १० क

माथि छलफल हुँदा यस कार्यापालिकाका उप प्रमुख ज्यूको संयोजकत्वमा देहायका सदस्य रहेको राजस्व परामर्श समिति गठन गर्ने निर्णय गरियो ।

(क) उप प्रमुख श्री तीला पोखरेल ................संयोजक

ख) कार्यकारी अधिकृत श्री डिकबहादुर कार्की..........सदस्य

(ग) ९ नं. वडा अध्यक्ष श्री अमर बहादुर गुरुङ ......सदश्य

(घ) श्री मन्जु काफ्ले ................................सदश्य

(ङ.)उद्योग बाणिज्य संघ अध्यक्ष श्री दुर्ग बहादुर सुवेदी........सदश्य

(च) राजस्व शाखा प्रमुख श्री रमेश खड्का ...........सदस्य

प्रस्ताव नं. १० ख

माथि छलफल हुँदा सर्वसम्मतबाट देहाय बमोजिमको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

क) प्रमुख श्री अर्जुन मावोहाङ्ग ............ संयोजक

ख) उपप्रमुख श्री तीला पोखरेल .......... सदस्य

ग) कार्यकारी अधिकृत ..................... सदस्य

घ) श्री लाल बहादुर नेपाली ...............सदस्य

ङ.) श्री कासाङ आङजुक शेर्पा ...............सदस्य

च) श्री कालिका शेर्पा......................सदस्य

छ ) ई. हरि श्रेष्ठ ...... सदस्य

प्रस्ताव नं. ११ ग माथि छलफल हुँदा देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) उप प्रमुख श्री तीला पोखरेल संयोजक

ख) श्री कमल बहादुर बानिया सदस्य ( पूर्वाधार विकास समिति )

ग) श्री देवेन्द्र खड्का सदस्य ( सामाजिक विकास समिति)

घ) श्री तिलोचन लिम्बु सदस्य (आर्थिक विकास समिति )

ङ) श्री तुलसीराम खनाल सदस्य ( विधेयक समिति )

च) श्री नगेन्द्र कार्की सदस्य (सार्वजानिक सेवा तथा क्षमता विकास समिति )

छ) श्री अमर गुरुङ सदस्य ( वातावरण तथा विकास समिति )

ज) कार्यकारी अधिकृत श्री डिकबहादुर कार्की ..........सदस्य सचिव

**प्रस्ताव नं. ११**

सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको पुस्तिका प्रकाशन गर्ने सम्वन्धमा ।

**निर्णय नं . ११**

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको संख्या एकिन गर्ने, दोहोरेपना हटाउने, भत्ता पाउनेहरुको नाम र सूची प्रारदर्शी गराउने प्रयोजनार्थ पुस्तिका प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १२

नगरकार्यपालिका र वडा कार्यालयहरुको कार्यालय भवन निर्माणका लागि जग्गाको खोजी गरी भवन निर्माण गर्ने सम्वन्धमा ।

निर्णय नं. १२

**नगरकार्यपालिका भवन निर्माणका लागि मापदण्ड बमोजिमको जग्गा खोजी गर्न आवश्यक देखिएकोले संभावित जग्गा खोजी गरी उत्तम जग्गा प्रस्ताव गर्न नगर प्रमुखको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक लालीगुराँस भवन निर्माण जग्गा व्यवस्थापन समिति गठन गर्ने निर्णय सर्वसम्मतबाट गरियो ।**

**देहाय**

**क) प्रमुख श्री अर्जुन मावोहाड .............. संयोजक**

**ख) श्री तिला पोखेल ..................सदश्य**

**ग) श्री राम बहादुर गूरुङ ....................सदश्य**

**घ) श्री रुद्र बहादुर लिम्बु ....................सदश्य**

**(ङ.) श्री कमल बहादुर बानिया ..............सदश्य**

**च) श्री प्रेम बहादुर गौतम ................सदश्य**

**छ) श्री कासाङ आङजुक शेर्पा ....................सदश्य**

त्यस्तै वडा कार्यालयहरुको भवन निर्माणको लागि जग्गा व्यवस्थापन गर्ने कार्यको लागि प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा वडा सदस्यहरु रहेको समिति बनाई जग्गा प्राप्तिका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३

प्रत्येक वडालाई कियाशिल तुल्याउने सम्वन्धमा ।

निर्णय नं. १३

**प्रत्येक वडालाई स्थानीय सेवा प्रवाहमा कियाशिल बनाउन जनशक्ति र भवनको बन्दोवस्त गरी वडाबाट प्रदान गरिने सेवालाई छिटोछरितो , पारदर्शी, यथार्थ र प्रभाकारी बनाउने सर्वसम्मत निर्णय गरियो ।**

प्रस्ताव नं. १४

योजना तर्जुमा  समय तालीका खाका स्वीकृत गर्ने सम्वन्धमा ।

निर्णय नं.  १४

देहाय बमोजिमको योजना तर्जुमा  समय तालीका खाकालाई सर्वसम्मत ढंगले स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.न. | कार्यक्रम | सम्पन्न मिति | कैफियत |
|---|---|---|---|
| १. | राजस्व परामर्श समितिको बैंठक | साउन १७ | |
| २. | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक | साउन  १९ | |
| ३. | वडा कार्यालयहरुलाई मार्ग दर्शन पठाउने | साउन २१ | |
| ४. | वस्ती टोलस्तरबाट योजना छनौट | साउन २३ गते | |
| ५. | वडा बैठकबाट योजनाको प्राथमिकीकरण र शिफारिस | साउन २५, २६ | |
| ६. | विषयगत तथा समूहमा छलफल | साउन  २७ | |
| ७. | बजेट तथा कार्यक्रम तर्जुमा समितिमा अन्तिम रुप प्रदान | | |
| ८ | नगरकार्यपालिका बैंठकमा छलफल र अनुमोदन | साउन २८ | |
| ९ | नगर सभामा बजेट तथा कार्यक्रम पेश | साउन ३० | |
| १० | नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृती | साउन ३१  गते | |

प्रस्ताव नं १५

प्रत्येक वडामा खर्च खाता खोल्ने सम्वन्धमा ।

निर्णय नं. १५

कार्यालय संचालनको लागि प्रत्येक वडामा खर्च खाता खोल्ने निर्णय सर्वसम्मतबाट गरियो ।

आजको बैठक यही समापन गरियो ।